## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०२/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु हरिपुर नगरपालिका, नगर कार्यपालिका को कार्यालयको तत्कालीन प्रमुख प्रशासकीय अधिकृत **नइन्द्र कुमार पौडेल** समेत १० जना मु.नं (०८०-CR-०१३३) फैसला मिति २०८१/०७/०४ | तटबन्ध निर्माणमा अनियमितता गरेको। | **आयोगको माग दावी**<br>• सर्लाही जिल्ला हरिपुर नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत नइन्द्र कुमार पौडेल, इन्जिनियर रंजित साह र सब-इन्जिनियर संजीव चौधरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु.८५,१८,६३१।६३ कायम गरी सोही ऐनको दफा १७ ले निर्देशन गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१)को देहाय (ज)बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम हानि नोक्सानी भएको बिगो रु.८५,१८,६३१।६३ (पचासी लाख अठार हजार छ सय एकत्तिस रुपैयाँ त्रिसट्ठी पैसा) निज प्रतिवादीहरूबाट असुल उपर हुन र प्रतिवादीहरू मध्येका रंजित साह र संजीव चौधरीलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन समेतको मागदावी लिएको देखिन्छ।<br>• सोही नगरपालिकाका तत्कालीन कार्यपालिका उप प्रमुख रेणुका देवी काफ्ले, सदस्य वेद कुमारी बलम्पाकी, सदस्य लक्ष्मी कुमर, वडा नं. १ का तत्कालिन वडा अध्यक्ष कुमार लामालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदावी लिएको देखिन्छ।<br>• सोही नगरपालिकाको नदी नियन्त्रण उपभोक्ता समिति, हरिपुर १ नाखाटोल उपभोक्ता समितिका अध्यक्ष शम्सेर बहादुर बस्नेत, सचिव इन्द्र बहादुर घिसिङ्ग र कोषाध्यक्ष निर्माला कुमारी देवीलाई भ्रष्टाचार निवारण ऐन, २०५९को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश अनुसार मतियारको कसूरमा मुख्य कसुरदारलाई हुने सरह बिगो रु.८५,१८,६३१।६३ (पचासी लाख अठार हजार छ सय एकत्तिस रुपैयाँ त्रिसट्ठी पैसा) कायम गरि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम सजाय गरी उक्त बिगो समेत असुल उपर गरी निज प्रतिवादीहरु शम्सेर बहादुर बस्नेत, इन्द्र बहादुर घिसिङ्ग र निर्माला कुमारी देवीलाई सोही ऐनको दफा १९(२) बमोजिम सजाय हुन समेतको मागदाबी | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादीहरुले अनुसन्धानको क्रममा र अदालतमा समेत कसूरमा इन्कार रही बयान गरेको देखिएको।<br>• प्राकृतिक विपत्तिको कारणले पुगेको क्षतिलाई प्रतिवादीहरुले कमसल तटबन्ध निर्माण गरेकै कारण हानिनोक्सानी हुन गएको भन्ने अनुमान र आशंका गरी सजाय गर्नु न्यायसंगत देखिएन।<br>• प्रतिवादीहरुको बदनियतपुर्ण कार्य बस्तुनिष्ठ तवरबाट पुष्टि हुन सकेको नदेखिएको।<br>• जिल्ला सर्लाही, हरिपुर नगरपालिका वडा नं. १ स्थित लखनदेही खोला नियन्त्रण तथा स्पर निर्माणको कार्यमा भएको भनिएको भ्रष्टाचारजन्य कार्यमा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ अन्तर्गत सजायको मागदावी लिएको नभई दफा १७ अन्तर्गतको सजायको मागदावी लिई आरोपपत्र दायर गरेको देखिएको। | • जिल्ला सर्लाही, हरिपुर नगरपालिका वडा नं. १ स्थित लखनदेही खोला नियन्त्रण तथा स्पर निर्माणको आर्थिक वर्ष २०७५/०७६मा उपभोक्ता समिति मार्फत निर्माण गर्ने गरी राष्ट्रपति चुरे संरक्षण कार्यक्रम समन्वय इकाईवाट विनियोजित जम्मा रु.७८,००,०००।०० (अक्षेरुपी अठहत्तर लाख अर्थात (९०.२२%) हरिपुर नगरपालिका र रु.८,४५,०८२।३८ अर्थात (९.७८%) उपभोक्ता समिति, जनश्रमदानबाट बेहोर्ने गरी कार्य प्रारम्भ भएको प्रस्तुत आयोजना मिति २०७५।१०।०८ बाट सुरु गरी मिति २०७५।११।०८ सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०७५।१०।०८ गते उपभोक्ता समिति र गाउँपालिका बिच सम्झौता भएको देखिन्छ। उक्त तटबन्ध निर्माण कार्यको लागत अनुमान सोही नगरपालिकाका सब-इन्जिनियर संजीव चौधरी, परीक्षण गर्ने इन्जिनियर रंजित साहले तयार गरेको देखिन्छ। उक्त तटबन्ध निर्माण कार्यको हरिपुर नगरपालिकाका प्राविधिक सब-इन्जिनियर संजीव चौधरी र इन्जिनियर रंजित साह समेतको टोलीले प्राविधिक मूल्याङ्कन सहितको नापी किताब, रनिङ बिलहरू र कार्य सम्पन्न प्रतिवेदन तयार गरि पहिलो बिलमा रु.४०,००,४६७।७८ र दोश्रो बिलमा रु.४५,१८,१६३।८५ गरी कुल रु.८५,१८,६३१।६३ को कार्य भएको भनि पेश गरेको प्राविधिक मूल्याङ्कन सहितको नापी किताब, रनिङ बिलहरू र कार्य सम्पन्न प्रतिवेदनको आधारमा सोही नगरपालिकाका प्र.प्र.अ नइन्द्र कुमार पौडेलले मिति २०७५।११।१५, गो.भौ.नं. २ र मिति २०७५।१२।२२, गो.भौ.नं. ३ को गोश्वारा भौचरबाट जनश्रमदान वापत रु.९,५२,६३१।६३, अग्रीम आय कर रु.४७,१५१।- र बहाल कर रु.१,६१,८५०।- कट्टा गरी बाँकी रकम रु.७३,५६,९९९।- उपभोक्ता समितिको एकल खातामा भुक्तानी गरेको देखिन्छ। उक्त तटबन्ध निर्माण कार्यमा संझौता अनुसारको कार्य नभई व्यापक आर्थिक अनियमितता गरेको भन्ने समेत बेहोराको उजुरी मिति २०७७।०९।२३ मा परे पश्चात सोको अनुसन्धानको शिलशिलामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवासबाट खटिएको ईन्जिनियर प्रकाशचन्द्र यादव समेतको प्राविधिक टोलीले मिति २०७९।०३।०१ मा निर्माण स्थलमा पुगी स्थानीय सरोकारवाला, उपभोक्ता, जनप्रतिनिधि र नगरपालिकाको इन्जिनियरको उपस्थितिमा नाँपजाँच गरि तयार गरेको स्थलगत मुचुल्का सहित मिति २०७९।०३।१९ मा पेश गरेको प्राविधिक प्रतिवेदनमा जिल्ला सर्लाही, हरिपुर नगरपालिका, वडा नं. १ मा भएको लखनदेही नदी नियन्त्रण गरिएको कार्यस्थलमा अवलोकन गर्दा निर्माण कार्यको अवशेष समेत नरहने गरि बाढीले बगाएको भनि उपभोक्ता समिति र नगरपालिकाको इन्जिनियरले बताए तापनि योजना स्थलको स्थलगत संरचना एवम् त्यस वरपर हेर्दा उक्त ठाउँमा सो समयमा ठुलो जनधनको क्षति हुने गरी बाढी आएको नदेखिएको, आ.व. २०७७/७८ मा जनता तटबन्धको कार्यालय, हरिपुरबाट सोही स्थानमा नदी नियन्त्रणका लागि अन्दाजी २ कि.मि. लम्बाईमा निर्माण भएको जाली बोल्डरको कार्य राम्रो अवस्थामा रहेको, त्यस स्थानमा २०५५/५६ साल तिर निर्माण भएको भनिएको जाली बोल्डरको केही अंश अझै पनि केही ठाउँमा बाँकी नै रहेको देखिंदा आ.व. २०७५/७६ मा राष्ट्रपति तराई मधेश संरक्षण विकास समितिबाट हरिपुर नगरपालिका सर्लाहीलाई नदी नियन्त्रण सम्बन्धी कार्यका लागि प्राप्त रकमबाट उपभोक्ता समितिले गरेको नदी नियन्त्रणको कार्य शंकास्पद रहेको भन्ने समेत बेहोराको प्राविधिक प्रतिवेदन पेश गरेको देखिंदा यि प्रतिवादीहरुले आ.व. २०७५/७६ मा निर्माण गरेको नदी नियन्त्रणका कार्यमा बनेको संरचना आउँदै नआएको बाढीले बगाएको भनि झुट्टा कुरा उल्लेख गरि संझौता अनुसारको निर्माण कार्य नै नगरि आर्थिक अनियमितता गरेको तथ्य पुष्टि भईरहेको देखिंदा देखिँदै उक्त प्राविधिकहरुले पेश गरेको प्रतिवेदन एवं सोलाई पुष्टि हुने गरि अदालतमा गरेको बकपत्र समेतलाई प्रमाणमा ग्रहन नगरि प्रतिवादीहरुलाई आरोपदावीबाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटिपुर्ण देखिंदा बदर भागी रहेको छ।<br>• उक्त तटबन्ध निर्माण कार्यका सन्दर्भमा अनुसन्धान कै क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | लिएको देखिन्छ। | | कार्यालय, बर्दिबासबाट खटिएको शाखा अधिकृत मान बहादुर कार्की नेतृत्वको टोलीले पुनः स्थलगत मुचुल्का गरि मिति २०८०।०२।२६ मा पेश गरेको स्थलगत मुचुल्का प्रतिवेदनमा आ.व. २०७५/०७६ मा लखनदेही नदी नियन्त्रण प्रणाली अन्तर्गत नखाटोलमा नदी नियन्त्रणका लागि जाली वोल्डर निर्माण कार्य भएको, उक्त निर्माण कार्यको दुई ठाउँमा १८ मिटर र १२ मिटर लम्बाईमा ग्याबिन जालीमा ढुङ्गा फिलिङ गरी स्पर (Spur) निर्माण गरेको, सो स्परको (Spur) बिचको भागमा ४५ मिटर लम्बाईमा माटो फिलिङ गरी बाँध निर्माण गरेको, सो बाँधको स्लोपिङ (Sloping) र तलको सतहमा Launching apron समेत Gabion जालीको काम गरेको, उक्त तटबन्ध निर्माण कार्यको अन्य भागहरू २०७६ साल असार तिर आएको बाढीले बगाएर लगेको भन्ने समेत बेहोरा उल्लेख भएको देखिएतापनि लागत अनुमान, नापी किताव एवं कार्यसम्पन्न प्रतिवेदन समेत अध्ययन गर्दा लागत अनुमानमा ४,८१२.५० वर्ग मिटरको Gabion Box को प्रयोग गर्न तोकिएकोमा नापी किताबअनुसार ३,४९५.१५ वर्ग मिटरको परिमाणमा Gabion Box निर्माण भएको देखिन आएकोले लागत अनुमानभन्दा कम परिमाणको काम गरेको देखिएको, लागत अनुमानमा ८,४०० घन मिटरको Earthwork Filling हुने तोकिएकोमा नापी किताबअनुसार १४,७०० घन मिटरको परिमाणमा Earthwork Filling भएको देखिन आएकोले लागत अनुमान भन्दा बढी काम गरेको देखाई मनासिब कारण बिना सो निर्माण कार्यको आकार र रूप परिवर्तन गरेको देखिएको, ढुङ्गा (ग्याबियन जाली)को कामको परिमाण कम गरी माटो पुर्ने कामको परिमाण बढाउँदा तटवन्ध कमसल हुन पुगेको, निर्धारित शर्त तथा मापदण्ड विपरित निर्माण कार्य गरेको/गराएको र त्यस्तो निर्माण कार्यलाई गुणस्तरयुक्त, शर्त तथा मापदण्डबमोजिम भएको हो भनी प्रमाणित र स्वीकृत गरेको देखिएको, सो योजनाको मिति २०७५।१२।२१ मा निर्माण सम्पन्न भई २०७६।०३।२५ देखि २०७६।०३।३० सम्म परेको अविरल वर्षाले सो निर्मित संरचनालाई बाढीले बगाई क्षति भएको भनिएको सम्बन्धमा सो तथ्यलाई पुष्टि गर्ने कुनै ठोस प्रमाण पेश भएको नदेखिएकोले सम्झौता विपरित कमसल निर्माण कार्य भएको तथ्य पुष्टि भएको हुँदा सो निर्माण कार्य सम्पन्न भएको भनि मूल्याङ्कन गरि भुक्तानी भएको रु.८५,१८,६३१।६३ स्थानीय सरकारलाई आर्थिक हानी नोक्सानी भएको तथ्य पुष्टि भई रहेको स्थिति देखिंदा देखिंदै सो तथ्य एवं प्रमाणलाई नजरअन्दाज गरि भ्रष्टाचार कसुरमा संलग्न प्रतिवादीहरूलाई आरोप मागदावीबाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिंदा बदर भागी छ।<br>• **हरिपुर नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत प्रतिवादी नइन्द्र कुमार पौडेल, तत्कालीन इन्जिनियर रंजित साह, प्राविधिक सब-इन्जिनियर संजीव चौधरीले** बयान गर्दा योजना कार्य सम्पन्न पश्चात रकम भुक्तानी गर्नु पूर्व योजना निर्माण स्थलको निरीक्षण गरी नापी किताबमा उल्लेख भए अनुसारको कार्य फिल्डमा भएको, अनुगमन गर्ने क्रममा देखिएको, तटबन्ध निर्माण भएको, उक्त तटबन्ध बाढीले बगाएको हो भन्ने समेत बेहोरा उल्लेख गरे देखिन्छ भने **तत्कालीन लेखा अधिकृत नेत्र बहादुर पाखिनले** बयान गर्दा स्थलगत अनुगमन नगरेकोले र प्राविधिक विषयसँग सम्बन्धित भएकोले र प्राविधिक रिपोर्टमा पनि सो कुरा नखुलेकोले बिल भरपाई प्राप्त भए बमोजिमको कर कट्टा गरी भुक्तानी गरेको भन्ने समेत उल्लेख गरेको देखिन्छ। **तत्कालीन सब-इन्जिनियर प्रतिवादी संजीव चौधरीले** गरेको बयानलाई हेर्दा लखनदेही खोलामा भएको नदी नियन्त्रण कार्यको लागत अनुमान भन्दा कम Gabion Box, बढी Excavation भएकोमा Gabion Box को काम गर्नुपर्नेमा कम लम्बाईमा काम भएको र Earthwork को लागत अनुमानमा ३०० मिटर काम गर्ने भनिएकोमा ७०० मिटर काम भएको, बिल भरपाई सम्बन्धी केही थाहा नभएको भन्नेसमेत उल्लेख गरेको देखिदा प्रस्तुत योजनाको निर्माण कार्य कमसल रुपमा भएको तथ्य पुष्टि भएको देखिन्छ। **तत्कालीन नगर उपप्रमुख प्रतिवादी रेणुका देवी काफ्ले, कार्यपालिकाको तत्कालीन सदस्य प्रतिवादी वेद कुमारी बलम्पाकी, कार्यपालिकाको तत्कालीन सदस्य प्रतिवादी लक्ष्मी कुमर र वडा नं. १का तत्कालीन वडाध्यक्ष कुमार लामाले** बयान गर्दा उक्त कामको अनुगमन गरेको, काम सम्झौता अनुसार भएको, उक्त तटबन्ध आ.व. ०७५/०७६ को तटबन्धको काम मंसिर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पुसबाट सुरु भएको चैत्रमा सम्पन्न भएको, असारमा बाढीले बगाएर लगेको हो, जाली बोल्डर अलि अलि बाँकी रहेको भन्नेसमेत उल्लेख गरेतापनि योजनामा लागत अनुमानमा तोकिएको परिमाणमा र संझौतामा तोकिएको शर्त भन्दा फरक तवरले घटी बढी देखाई कार्य सम्पन्न गरेको तथ्य स्वयं नापी किताबबाट पुष्टि भएको देखिन्छ। **नदी नियन्त्रण उपभोक्ता समिति, हरिपुर १ नाखाटोल उपभोक्ता समितिका अध्यक्ष शम्सेर बहादुर बस्नेतले** बयान गर्दा उक्त स्थानमा माटोको ड्याम उठाई तार जाली ढुङ्गा लगाई कार्य सम्पन्न गरेको, उक्त तटबन्ध खोलाले बगाएको, लखनदेही खोलाको तटबन्धको प्रमाणहरू हाल नभएको भन्ने समेत उल्लेख गरेतापनि अदालतमा आई बयान गर्दा निज निर्माण भर बिरामी भई कार्यस्थलमा नगएको तर काम सम्पन्न भनि भुक्तानी लिए दिएको हो भन्ने समेत बेहोरा उल्लेख गरेको देखिन्छ भने सोही **उपभोक्ता समितिका सचिव इन्द्र बहादुर घिसिङ्गले** बयान गर्दा लखनदेही खोलामा बाँध बाँध्ने तार ढुङ्गा जालीको काम गरेको, माटोको बाँध बनाई ढुङ्गा तार जाली लगाएको, तटबन्ध निर्माणको काम गरेको तर बाढी आएर बगाएको, इष्टिमेट बमोजिम निर्माण कार्य सम्पन्न गरी भुक्तानी लिएको भन्ने समेत उल्लेख गरेको देखिनुको साथै अर्का **प्रतिवादी सोही उपभोक्ता समितिकी कोषाध्यक्ष निर्माला कुमारी देवीले** बयान गर्दा तार जाली ढुङ्गाले नदी नियन्त्रण गराएको, इष्टिमेटबमोजिम निर्माण कार्य सम्पन्न गरी भुक्तानी लिएको भन्नेसमेत उल्लेख गरि कसुरमा इन्कारी बयान गरेको देखिएतापनि आयोगको प्राविधिक सहितको टोलीले स्थलगत निरीक्षण तथा नाँपजाँच गर्दा नापी किताव, कार्य सम्पन्न प्रतिवेदन अनुसारको गुणस्तरिय काम भएको नभएको, उक्त निर्माण कार्यको अवशेष समेत नदेखिएको, सो आ.व. २०७५\०७६ भन्दा अगाडी र पछाडी उक्त स्थानमा निर्माण भएका कार्यको केही अवशेष देखिएतापनि बिबादित आ.व. २०७५\०७६ मा निर्माण भएको कार्यको अवस्था स्थलगतरुपमा नदेखिनुको साथै यि प्रतिवादीहरुले कार्य सम्पन्न गरेको भनि भुक्तानी दिएको नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदनमा नै संझौता अनुसारको कार्य भएको नदेखिरहेको स्थिति देखिंदा देखिंदै केवल प्रतिवादीहरुको इन्कारी वयान र कार्य सम्पन्न हुनासाथ बाढी आएर बगाएर लग्यो भन्ने काल्पनिक जिकिर कै आधारमा प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिंदा बदर योग्य छ।<br>• हरिपुर नगरपालिका सर्लाहीको आ.व. २०७५/०७६ लेखापरिक्षण प्रतिवेदनमा उक्त तटबन्ध निर्माण योजनाका सन्दर्भमा रोयल्टी तिरेको प्रमाण पेश नगरेको भनि कैफियत सहितको प्रतिवेदन पेश गरेको देखिन्छ भने Gabion Box निर्माणका सन्दर्भमा लागत अनुमान र नापी किताबमा फरक फरक विवरण उल्लेख भई लागत अनुमान भन्दा कम परिमाणको काम गरेको, लागत अनुमानमा ८,४०० घन मिटरको Earthwork Filling को हुने तोकिएकोमा नापी किताबअनुसार १४,७०० घन मिटरको परिमाणमा Earthwork Filling भएको भनि सो आइटममा अस्वभाविक बढी काम भएको देखाई मनासिब कारण बिना सो निर्माण कार्यको आकार र रूप परिवर्तन गरेको, ढुङ्गा (ग्यावियन जाली)को कामको परिमाण कम गरी माटो पुर्ने कामको परिमाण बढाउँदा तटवन्ध कमसल हुन पुगेको, निर्धारित शर्त तथा मापदण्ड विपरित निर्माण कार्य गरेको/गराएको अवस्था देखिंदा देखिंदै मिलेमतोमा उक्त निर्माण कार्य गुणस्तरयुक्त, शर्त तथा मापदण्डबमोजिम भएको हो भनी प्रमाणित र स्वीकृत गरेको देखिदा यि प्रतिवादीहरुले भ्रष्टाचारजन्य कसूर गरेको तथ्यपुष्टि भई रहेको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ ले तोकेका कसुरमा अदालतले माथिल्लो सजायको मागदावी गरिएको भएतापनि कसूर अनुसारको सजाय अभियुक्तले पाउनु पर्छ भन्ने मकसदका साथ घटी सजायमा झरेर पनि सजाय गर्ने हाम्रो न्यायिक मान्यता बिपरित गई अभियोजन पक्षले भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ८ अन्तर्गतको सजायको मागदाबी नलिएको भन्ने तर्क गरि प्रतिवादीहरुलाई कसूरजन्य कार्यवाट पुर्ण उन्मुक्ति हुने गरि भएको फैसला सम्मानित सर्वोच्च अदालतवाट मुद्दा नं ०७७-CR-००७६ मा प्रतिपादित मौलिक विशिष्ट मान्यता (भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ को दावी लिई दायर भएको भ्रष्टाचार मुद्दामा दफा ८ अनुसारको कसूर पुष्टि भएकोले दफा ८ आकर्षित भई सोही अनुसार सजाय हुने गरि भएको व्याख्या) लाई अनुसरण नगरि कसुरजन्य कार्य पुष्टि भई रहेका उपरोक्त प्रतिवादीहरुलाई सफाई हुने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिंदा बदर भागी छ।<br>• **अतः** उपरोक्त उल्लेखित आधार कारणहरु तथा मिसिल संलग्न प्रमाणहरुका आधारमा प्रतिवादीहरु नइन्द्र कुमार पौडेल, रंजित साह, संजीव चौधरी, रेणुका देवी काफ्ले, वेद कुमारी बलम्पाकी, लक्ष्मी कुमर, कुमार लामा, शम्सेर बहादुर बस्नेत, इन्द्र बहादुर घिसिङ्ग र निर्माला कुमारी देवीलाई सफाई हुने ठहर गरि भएको विशेष अदालतवाट भएको फैसला बदर गरि आरोपदावीबमोजिम निज प्रतिवादीहरुलाई सजाय गरि पाउन सम्मानित अदालतसमक्ष सादर अनुरोध गरिन्छ। |